# त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

गोंगबु, काठमाडौं ।

त्रिफला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्यक्षद्धारा प्रस्तुत

## वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७८/०७९

**आदरणीय शेयर सदस्यज्यूहरु,**

सहकारी भन्नाले बचत तथा ऋणकालागि मात्र स्थापित संस्था नभएर आवद्ध सदस्यहरुको "**आर्थिक तथा सामाजिक अभियान हो**" र यो अविच्छिन्न हुनु पर्दछ भन्ने यथार्थतालाई आत्मसात गरि समाजमा भएका तर एक्ला एक्लै रहेका श्रम, सीप, प्रविधि र पुँजीलाई एकिकृत गरि उत्पादकत्व वृद्धि गर्ने र समुन्नत समाजको निर्माण गरि हामी हाम्रो त्रिफलाका सदस्यहरुको शारिरीक, मानसिक र सामाजिक परिस्थिती स्वस्थ्य राख्ने पवित्र उद्देश्यका साथ स्थापना गरिएको हाम्रो **त्रिफला बचत तथा ऋण सहकारी संस्था लि**. एघार वर्ष लामो यात्रा पुरा गरि सकेको छ । अतः आज **एघारौं वार्षिक साधारण सभा**मा हाम्रा अग्रज तथा अनुज सेयर सदस्यज्युहरु तथा अभियानका सहगामी सखाहरुको समुपस्थितिमा यो एघारौं वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाइ अत्यन्तै खुशी लागेको छ ।

अतः सहकारी भनेकै एक अर्का विचको सहकार्य हो । कुनै एक निश्चित समुदायका व्यक्तिहरु संगठित भई एक अर्का बिच समन्वय र सहकार्य गर्दा एकका लागि सबै र सबैका लागि एक भने झैं सबै लाभान्वित हुन्छन् । नेपालमा सहकारीको जन्म हुनुभन्दा पहिला नै गुठी, ऐँचोपैँचो, अर्मपर्म, ढुकुटी र धर्म भकारी आदिका माध्यमबाट सहकार्य गर्ने गरिन्थ्यो । यी सबै कार्यहरु सहकारीकै प्रारुप जस्ता थिए । सायद यसैको आधारमा सहकारीको प्रार्दुभाव भयो भन्दा अत्युक्ति नहोला । सहकारीमा सबै शेयर सदस्यहरु मालिक हुन र सबै शेयर सदस्यहरु ग्राहक पनि हुन । सहकारीमा पुँजी वा रकमको भन्दा पनि शेयर सदस्यहरु अर्थात शेयर सदस्यहरुको हित महत्वपुर्ण हुन्छ । त्यसैले त हामी शेयर सदस्यहरुको हितको लागि ऋण लिने र दिनेको अतिरिक्त पानी, बिजुलीको विल, सवारीसाधनको नविकरण तथा कर भुक्तानी, बैकमा रकम राख्ने, झिक्ने, एक बैंक वा ठाँउबाट अर्को बैक वा ठाँउमा रकम पठाउने कार्यमा सहजता गरिरहेका छौं ।

विगतका केहि वर्षहरुमा कोभिडको कारण राष्ट्रियस्तरका बैंकहरुले समेत आंशिक सेवा दिन बाध्य भएको जटिल अवस्थामा पनि हामी हाम्रा शेयर सदस्यहरुलाई २४सै घण्टा रकम राख्ने र झिक्ने सेवा प्रदान गरि जिँउदाको जन्ती र मर्दाको मलामी भने झैं हामी हाम्रा शेयर सदस्यहरुको हरेक सुःख, दुःखमा प्रत्यक्ष वा परोक्षरुपमा सहभागी हुँदै आएका छौ । हामी बिचको सहकार्य र समझदारी नै हाम्रा लागि सबै भन्दा ठूलो सम्पत्ति हो ।

अतः यसै विषयलाई मध्यनजर गरि हाम्रा शेयर सदस्यहरु विच उत्पादित श्रम र सिप तथा भौतिक वस्तुहरु समेत सदस्यहरुविच नै खपत गर्ने गराउने तथा सदस्यहरुविचको आत्मियता र धनिष्टताको अभिबृद्धि गर्न समय समयमा सदस्यहरुको सहभागितामा विभिन्न सामाजिक सहकार्य गर्दै आएका छौ ।

**आदरणीय शेयर सदस्यमहानुभावहरु,**

**"त्रिफला बचत तथा ऋण सहकारी संस्था लि."**ले उत्पन्न विविध जटिल परिस्थितिका बिचमा पनि प्रत्यक्ष वा परोक्षरुपमा आफ्ना शेयर सदस्यहरुबिच, आत्मीयता र विश्वसनियताको वातावरण सृजना गरि शेयर सदस्यहरुको वैयक्तिक एवम् संस्थागत हितका लागी विभिन्न आर्थिक कार्यहरुमा संलग्न गराउदै आएको कुरा सम्मानित सभाका प्रबुद्ध शेयर सदस्यहरुमा अवगत गराउन चाहन्छु । अतः यस संस्थाले स्थापनाकाल देखि हालसम्म प्राप्त गरेका उपलब्धिहरु यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## संस्थाको विगत एघार वर्षको तुलनात्मक मुख्य वित्तीय झलकहरु :

| विवरण | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शेयर पुंजी | 12,46,000 | 17,22,700 | 32,66,000 | 33,65,000 | 38,95,300 | 46,36,500 | 48,98,000 | 54,70,000 | 52,83,000 | 49,66,000 | 5814000 |
| जगेडा कोष | – | – | – | – | 70,947 | 9,05,420 | 15,52,342 | 21,30,000 | 20,48,431 | 33,65,240 | 3715775 |
| शेयर बचत | - | - | - | - | - | - | - | 1,22,501 | 13,07,350 | 44,04,541 | 7325677 |
| क्रमिक बचत | 15,725 | 37,541 | 2,31,398 | 7,74,066 | 9,12,039 | 16,12,890 | 45,29,958 | 57,56,791 | 83,30,449 | 97,04,223 | 11437668 |
| बाल भविष्य बचत | - | - | - | - | - | - | 9,17,337 | 11,09,377 | 14,06,096 | 17,15,225 | 2149838 |
| बचत निक्षेप हिसाब | 12,04,038 | 49,31,213 | 78,18,291 | 1,06,91,838 | 1,20,55,792 | 1,88,04,012 | 2,84,65,233 | 4,68,41,284 | 4,33,14,096 | 5,04,68,879 | 51819483 |
| कर्जा लगानी | 8,38,594 | 49,71,687 | 84,28,932 | 86,77,755 | 1,28,72,066 | 2,04,93,414 | 2,96,15,222 | 4,14,60,534 | 3,59,13,549 | 4,87,54,451 | 53300567 |
| नाफा वा नोक्सान | -2,35,144 | -4,13,724 | 1,48,011 | 1,51,322 | 3,61,949 | 9,40,517 | 15,12,959 | 13,71,771 | 8,10,620 | 18,17,935 | 1337615 |
| आयकर | – | – | – | – | 11,546 | 1,86,949 | 3,03,171 | 66,342 | 29,134 | 46,763 | 66410 |
| सदस्य संख्या | 50 | 392 | 570 | 581 | 632 | 643 | 315 | 361 | 375 | 406 | 397 |

विगतका केहि वर्ष कोभिडका कारण थलिएको आर्थिक अवस्था र तत्पस्चात केहि राहत महशुष गर्न नपाउदै मुद्रा स्फीति र अघोषित आर्थिक संकटको अवस्थामा देश गुज्रिइरहेको कुरा औल्याइरहनु नपर्ला । यस विषम परिस्थितिमा पनि समग्र वित्तीय कारोबारको अवलोकन गर्दा गत आर्थिक वर्षको तुलनामा समग्र आर्थिक सूचकाङ्कहरु सन्तोषजनक रुपमा वृद्धि भएको देखिन्छ । उल्लेखित तथ्यांकहरुको अध्ययन गर्दा संस्थाको प्रारम्भ देखि वर्तमान समयका विभिन्न बाधा अड्चनहरुका बाबजुद पनि आज यस संस्थाले सन्तोषजनक उपलब्धि हासिल गर्दै अगाडी बढिरहेको छ भन्ने कुरा यस तथ्याङ्कबाट स्वतः पुष्टि भएको छ । अतः हाल सम्मका उपलब्धिहरुलाई आधार मानेर, हाम्रो प्रयत्नलाई निरन्तरता दिन सक्यौ भने हाम्रो त्रिफला साँच्चै राम्रो त्रिफला बन्ने छ भन्नेमा दुई मत छैन ।

अतः यस अवस्थामा पनि हाम्रो **"त्रिफला बचत तथा ऋण सहकारी संस्था लि."**ले सम्बन्धित ऐन, नीति र नियमहरुको अधिनमा रही आयकर पछिको नाफा मध्ये २५ प्रतिशत जगेडा कोषमा छुट्टाई बाँकी रकमलाई शतप्रतिशत मानी संरक्षित पूँजी फिर्ता कोषमा २५ प्रतिशत र सहकारी प्रबर्द्धन कोषमा ०.५ प्रतिशत छुट्टाई बाँकी रकमलाई पुनः शतप्रतिशत मानी सहकारी शिक्षा कोष, कर्मचारी बोनस कोष, सहकारी विकास कोष, घाटा पूर्ति कोष, सामुदायिक विकास कोष र जोखिम व्यवस्थापन कोषमा ५ प्रतिशतका दरले छुट्याएर पनि शेयर लाभांश कोषमा समुचित रकम छुट्याउन सफल भएका छौ । साथै सदस्यज्युहरुलाई संरक्षित पूँजी फिर्ता कोषको २५ प्रतिशत रकम समेत बाडफाँड गरिने हुँदा यो लाभांश न्यायोचित भएको कुरा सम्मानित सभामा अवगत गराउन चाहन्छु ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

समयको माग, शेयर सदस्यहरुको चाहाना र प्रतिस्पर्धात्मक आर्थिक समाजको आवश्यकताको आधारमा यस **"त्रिफला बचत तथा ऋण सहकारी संस्था लि."**ले अवलम्बन गरेका कार्यक्रम एवं उपलब्धिहरु देहायबमोजिम रहेको कुरा अवगत गराउन चाहन्छु ।

१. संस्थाका सम्पुर्ण कारोवारहरु सम्पत्ती सुद्धिकरण निवारण कार्यविधि बमोजिम कार्यान्वयन गरिएको छ ।

२. विगत देखि अवलम्बन गरिदै आएको आधुनिक प्रविधिलाई आत्मसात गर्दै आधुनिक कम्प्यूटर सफ्टवेयर (Micro Banker) को माध्यममा संस्थाको लेखा राख्ने गरिएको छ ।

३. शेयर प्रमाणपत्रहरु व्यवस्थित तवरले माइको बैंकरको शेयर व्यवस्थापन सफ्टवेयरको माध्यमबाट वितरण गर्ने गरिएको छ ।

४. आफ्नो बचतको सुनिश्चिततताको लागी मौज्दात रकम सहित मोबाइल एलर्ट सेवा उपलब्ध गराइएकोमा सो व्यवस्थालाई अझ प्रभावकारी बनाइएको छ ।

५. **"त्रिफला बचत तथा ऋण सहकारी संस्था लि."**को website www.triphalacooperative.com निर्माण गरि संस्थाको सम्पूर्ण विवरण तथा आवधिक सूचनाहरु अपलोड गरि **"त्रिफला बचत तथा ऋण सहकारी संस्था लि."**का सकल शेयर सदस्यहरुको सर्वशुलभ तथा पहुँच योग्य बनाइएको छ ।

६. संस्थालाई चाहिने कार्यालय सामग्रीहरु आवश्यकता अनुसार थप गर्दै संस्थाको कारोवारलाई आधुनिकीकरण गर्दै लगिएको छ ।

७. सदस्यहरुले नियमित बचत गर्ने बानीको विकास प्रभावकारी रुपमा अघि बढेको छ ।

८. साना बाल-बालिकाद्धारा विना आवश्यकता खर्च भएर जाने स-सानो रकमलाई लक्षित गरि सञ्चालन गरिएको "बाल भविष्य बचत योजना", "खुत्रुके बचत योजना", अत्यन्तै प्रभावकारी भएको छ। जसका कारण सदस्यहरुको बचतमा वृद्धि भएको छ भने संस्थाको वित्तिय कारोबारमा पनि टेवा पुगेको छ ।

९. सदस्यहरुको दैनिकी सहज बनाउने उद्देश्यले सवारीको बीमा, सवारी कर, बिजुली, पानी, टेलिफोन, इन्टरनेट, टिभि तथा मोबाइलको महशुल भुक्तान गर्ने, आवश्यकता अनुसार बैंकमा पैसा जम्मा गरिदिने चेक साटीदिने जस्ता कार्यहरु निःशुल्क गरिदै आएकोमा सो कार्यलाई अझ प्रभावकारी ढङ्गबाट निरन्तरता दिइएको छ ।

१०. सदस्यहरुको बैंक खाता, डिम्याट खाता, मेरो शेयर खाता खोल्ने, तथा बार्षिक रुपमा नविकरण गर्ने, विभिन्न कम्पनीले निष्कासन गरेका साधारण तथा हकप्रद शेयरहरुको आवेदन फाराम भर्ने तथा अद्यावधिक गर्ने लगायतका कार्यमा सहयोग गर्ने गरिएको छ ।

## संस्थाका भावी कार्ययोजनाहरु :

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

१. शेयर पुँजी सम्बन्धमा ।

संस्थाको वित्तीय कारोवारलाई थप मजबुद बनाउन शेयर पूँजीलाई वृद्धि गर्दै लैजाने लक्ष्य लिइएको छ ।

२. बचत रकम संकलन सम्बन्धमा

संस्थाको आर्थिक मेरुदण्डको रुपमा मानिने बचत रकमलाई क्रमशः वृद्धि गर्दै लैजाने लक्ष्य लिइएको छ ।

३. कर्जा प्रवाह सम्बन्धमा

सदस्यहरुको आवश्यकतालाई पुरा गर्नको लागि व्यक्तिगत/सामुहिक जमानी तथा सुरक्षित खालका धितोहरु लिई उत्पादनमुलक, शिक्षामुलक, सेवामुलक एवं रोजगारमुलक ठाउँको खोजी गरी कर्जा प्रवाह गर्ने लक्ष्य लिइएको छ ।

४. संस्थाको नाफा/नोक्सान सम्बन्धमा

संस्थाले आगामी वर्षमा संस्थागत विकासका साथै शेयर सदस्य महानुभावहरुका लागि राम्रो प्रतिफल प्रदान गर्ने लक्ष्य लिएको छ । माथि उल्लेखित संस्थाका लक्ष्यहरु प्राप्तिका लागी आदरणीय सम्पूर्ण शेयर सदस्य महानुभावहरुको पूर्ण सहयोग, सक्रिय सहभागिता र सद्भाव रहने कुरामा हामी विश्वस्त छौं ।

५. अन्य

**"त्रिफला बचत तथा ऋण सहकारी संस्था लि."**ले आफ्ना आर्थिक क्रियाकलापलाई प्रभावकारी बनाउदै संस्थागत तथा शेयर सदस्यहरुको वैयक्तिक हितलाई मध्यनजर गरि नेपाल सरकार र नेपाल राष्ट्र बैकको आर्थिक नीति, सहकारी विभागले जारी गरेको निर्देशन, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र स्थानिय कार्यविधि २०७५ को परिधिभित्र रहेर समकक्षी वित्तीय बजारसंग प्रतिस्पर्धा गर्दै संस्था र शेयर सदस्यहरुको आवश्यकता अनुसार आर्थिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

यसको अतिरिक्त शेयर सदस्यहरुको आत्मनिर्भरता तथा आयआर्जनका अवसरहरु खोजी लगानी गर्ने र रोजगारीको सिर्जना तथा आयआर्जन गर्न गराउन सदस्यहरुलाई प्रोत्साहित गर्ने र यस्ता खालका उत्पादनशिल र आयमुलक कार्यमा ऋणलाई प्राथमिकता दिदै आएको छ ।

सामाजिक उत्तरदायित्वमा सदस्यहरुलाई सक्रिय सहभागिता गराउने साथै आवश्यकता अनुसार विभिन्न किसिमका आयमूलक योजना बनाई संस्थाको समग्र आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रकृयामा हामी प्रयत्नशील छौ।

अन्त्यमा, मेरो अध्यक्ष्यताको संचालक समितिमा रहेर सकृय भुमिका निर्वाह गर्नु हुने संचालक समितिका पदाधिकारीहरु एवम्, लेखा समिति, ऋण उप-समिति, शिक्षा उप-समिति लगायत विभिन्न उप-समितिका संयोजक तथा सदस्यज्युहरु, सल्लाहकारज्युहरु, सम्पूर्ण कर्मचारी वर्ग र आफ्नो अत्यन्त व्यस्तताका बाबजुद पनि अमूल्य समय प्रदान गरी आजको यस साधारण सभामा प्रत्यक्ष उपस्थित भएर वा विद्युतिय माध्यमबाट परोक्षरुपमा सहभागी भई साधारण सभालाई सफल बनाउन महत्वपूर्ण भुमिका निर्वाह गरिरहनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

आगामी दिनमा यहाँहरुबाट अझ बढि सहयोग, सुझाव र सहभागिताको अपेक्षा गर्दै अध्यक्षको हैसियतले संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट पुनः धन्यवाद टक्र्याउन चाहन्छु ।

संघारमै रहेको नेपालीहरुको महान चाड २०७९ को विजया दशमी, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै हाम्रा समस्त शेयर सदस्यहरुको उत्तरोत्तर प्रगतिको कामनासहित मेरो वार्षिक प्रतिवेदन यहि बिट मार्ने अनुमति चाहन्छु ।

धन्यवाद ।

जय सहकारी !!